सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्डः ७, संख्याः ६, भागः २**

**सिलीचोङ गाउँपालिका**

**ताम्कु, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।**

## सिलीचोङ गाउँपालिका दिगो विकास लक्ष्यहरु स्थानीयकरण सम्बन्धी नीति तथा कार्ययोजना, २०८०

*कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०९/२५*

### १. पृष्टभूमिः

दिगोविकास लक्ष्य (एसडिजी) हरुको उद्धेश्य सन २०३० सम्म गरिबिको अन्तय गर्नु हो । विश्वाका नेताहरुले मानिस, पृथ्वी र समृद्धिका लागि एक कार्य योजना तयार गरेका छन । चरम गरिवि लगायत गरिबिका सबै स्वरुप तथा आयमहरुको उन्मूलन गर्नु विश्वाको सबै भन्दा ठूलो चुनौति रहेको छ र दिगो विकास का लागि गरिबीको अन्त्य एउटा अपरिहार्या आवश्यकता बनेको छ । यी १७ विकास लक्ष्यहरुले सहस्राब्दी विकास लक्ष्य (एमडीजी) हरुको उपलबधीमा टेकेर त्यसबाट हासिल हुन नसकेका कुराहरुलाई पुरा गर्न खोजेका

छन । सबैका लागि मानब अधिकार प्राप्ति गर्ने र सबै महिला तथा बालाबालिका लागि लैगिक समानता तथा सशक्तिकरण हासिल गर्नु तिनको उद्धेश्य रहेको छ ।यी लक्ष्यहरु एककृत तथा अभिभाज्य छन र तिनले दिगो विकासका तीन आयामहरु- आर्थिक, सामाजिक र वातावरणिय लाई सन्तुलन गर्दछन ।

## २. दिगोविकासका लक्ष्यहरु:

दिगोविकासका लक्ष्यहरु मध्ये सबै भन्दा पहिलो **लक्ष्य गरिबीको अन्त्य** हो । दिगो विकास लक्ष्यले हालको अति गरिबी २३.८ प्रतिशत लाई सन २०३० सम्मा ५ प्रतिशत मा झार्ने लक्ष्य लिएको छ । त्यास्तै प्रति ब्याक्ति आमदानी हालको अमेरिकी डलर ७७२ बाट बडाएर २५०० अमेरिकी डलर लक्ष्य यस्मा समाबेश गरिएको छ । त्यस्तै तल्लो बर्गको हालको उपभोग गर्ने क्षमता १५ प्रतिशतमा पुर्याउने जस्ता लक्ष्याहरु यसमा समाबेश गरिएको छ ।

दिगो विकासको दोस्रो लक्ष्यभ **भोकमारीको अन्त्य हो** । खाधन्नको उत्पादकत्व डबल बनाउने अर्थात हालको ३.३ मे. ट .प्रति हेक्टरलाई ६.६ बनाउने, हालको पाँच बर्षा मुनिका कम तौल भएका ३० प्रतिशत वच्चाहारुको संख्या ९ मा झार्ने, हालका ५ बर्ष मुनिका पुडका वालवालिकाहारुको संख्या ३७.४ प्रतिशतलाई १५मा झार्ने, हालको ५ बर्ष मुनिका ११ प्रतिशत वालवालिकाको संख्या ० मा झार्ने तथा हालको ५ बर्ष मुनिका रक्तअल्पता भएका वालवालिकाको संख्यालाई ४६ प्रतिशत लाई १० मा झार्ने लक्ष्यहरु यसमा समाबेश गरिएको छ । त्यस्तै प्रजनन उमेकारका महिलाहरुमा रहेको हालको रक्तअल्पता ३८.५ प्रतिशतलाई १० मा झार्ने, हालको एक तिहाई भन्दा बढी मानिसले पर्याप्त खाधान्न खान नपाउने स्थितिको अन्त्य गर्ने

तथा प्रति व्याक्ति खाधान्न उत्पादन कम्तिमा पनि ६६ प्रतिशतले बढाउने लक्ष्याहरुलाई दिगोविकासको नीतिहरुमा समाबेश गरिएको छ ।

दिगो विकासको तेस्रो लक्ष्य भनेको सबै उमेर समूहका व्याक्तिका लागि स्वास्थ्य जिवनको सुनिश्चितता गर्दै समृद्ध जीवन स्तरमा प्रवर्द्धन गर्ने रहेको छ ।यस अन्तर्गत प्रतिलाख आमामा रहेको हालको मृत्यू दर २५८ लाई घटाएर ७० मा झार्ने, नवजात शिशुहरु र पाँच बर्षमुनिका बालबालिकाहरुको रोक्न सकिने मृत्यु दर लाई अन्त्य गर्ने एच. आई. भी एड्स, क्षयरोग, औलोजोरो र उष्णप्रदेशीय उपेक्षित रोगहरुको महामारी अन्त्य गर्ने र हेपटाईटिस, पानीजन्य रोगहरु एवम अन्य सरुवारोग हरु नियन्त्रण गर्ने, नसर्ने रोगबाट हुने असमायिक मृत्यु दर लाई रोकथाम तथा उपचार बाट एकतिहाईले कम गर्नुका साथै मानसिक स्वास्थ्य तथा समृद्धि प्रवर्द्धन गर्ने लागूपदार्थ दुरुपयोग तथा मादक पदार्थको हानिकारक प्रयोगको रोकथाम तथा उपचार पद्धती लाई सदृढ तुल्याउने जस्ता परिमाणात्मक लक्ष्यहरु प्रस्ताब गरिएको छ ।दिगो विकासको चौथो लक्ष्य **समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा शुनिश्चित गर्दै सबैका लागि जीवन पर्यान्त सिकाईका अवसरहरु प्रवर्द्धन गर्ने कुरालाई जोड दिएको छ ।** सन् २०३० सम्ममा निशुल्क, न्यायोचित तथा गुणात्मक प्रथामिक र माध्यमिक शिक्षाको सुनिश्चित गर्ने, सबै छात्र छात्राहरुलाई प्रथामिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेर्चहा र पूर्वप्रथामिक शिक्षामा उनिहरुको पहुच सुनिश्चित गर्ने क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्रविधिक, ब्याबसायिक र विश्वाविधालय सम्मकै शिक्षामा सबै महिला र पुरुषहरुको समान पहुचको सुनिश्चितता गर्ने, रोजगारी, मार्यादित जागिर र उधमशिलताको निम्ति प्राविधिक एबम व्याबसायिक दक्षता लगायतका सान्दर्भिक सीप/ दक्षता भएका युवा र वयस्कहरुको सङख्यामा बृद्धि गर्ने, शिक्षामा लैङगिक असमानताहरुको अन्त्य गर्ने र कम्जोर अवस्थामा रहेका मानिसहरुको लागि शिक्षा र

ब्याबसायिक तालिम का सबै तहहरूमा समान पहुचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरु प्रस्तावित गरिएका छन् ।

दिगो विकासको पाँचौ लक्ष्य भनेको **लैंगिक समानता हासिल गर्ने र सबै महिला किशोरी तथा वालबालिकाहरुलाई शशक्त बनाउने भन्ने** हो । सवै महिला र किशोरी बिरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदहरुलाई अन्त्य गर्ने बेचविखन यौन र अरु प्रकारका शोषण लगायत सार्वजानिक एबम निजिक्षेत्रहरुमा सबै महिला र किशोरीहरु विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने बाल विबाह कम उमेरको विवाह जवर्जस्ति विवाह र महिला जनेन्द्रीय अंगभंग गर्ने जस्ता सबै घातक हानिकारक ब्यबहारहरुको अन्त्य गर्ने पारिश्रमिक बेगरको हेर्चहा गर्ने घरायासी कामलाई कदर गर्ने र महत्व दिने राजनीतिक आर्थिक र सार्वजानिक जीवनको निर्णय निर्माणका सबै तहहरुको नेतृत्वमा महिलाहरुको पूर्ण तथा प्रभाबकारी सहभागिता र समान अवसरहरुको सुनिश्चितता गर्ने लगायतका परिणात्मक लक्ष्य हरु रहेका छन् ।

**दिगोविकासको छैटौ लक्ष्य भनेको सबैको निम्ति खानेपानीको साथै सरसफाईको उपल्बधताका साथै यसको दिगो व्यबस्थापन सुनिश्चितता रहेको छ ।** सबैको निम्ति सुरक्षित र खर्चले धान्न वा बेहोर्न सकिने खानेपानी को सर्वव्यापी र न्ययोचित पहुँच सुनिश्चिच गर्ने र खुलारुपमा दिसा पिसाब गर्ने चलन वा बानिको अन्त्य गर्ने प्रदुषण घटाएर पानीमा फोहर फाल्ने कार्यको अन्त्य गरेर हानिकार फोहरहरु तथा रशायनहरु तथ बस्तु हरुको विषर्जन कार्यलाई न्यूनिकरण गरेर खानेपानीको गुणस्तर सुधार गर्ने पानी प्रयोगको दक्षता लाई सबै क्षेत्रहरुमा सारभुत रुपमा सुधार गर्ने, सबै तहमा एकृत जलस्रोत ब्यवस्थापन कार्यक्रम हरु कार्यनयन गर्ने पहाड, वन, सिम्सार,नदि, भूमिगत जलभण्डार र तालहरु लगायत पानी सँग सम्बन्धित पारिस्थितिकीय प्राणीहरुको संरक्षण र पुनर्स्थापना गर्ने आदि परिणात्मक लक्ष्यहरु समावेश गरीएका छन ।त्यास्तै आधारभूत स्तरको खानेपानी सेवामा ९९ प्रतिशत परीवारहरुको पहँच पुर्याउने र पाईप

बाट आपूर्ति गरिएको खानेपानीमा र सुधारीएको सरसफाईमा कम्तिमा क्रमश ९० र ९५ प्रतिशत जनसंख्याको पँहच सुनिश्चित गर्ने सफा सौचालयहरुमा ९८ प्रतिशत जनसंख्याको पँहुच पुराउने परिमणात्मक लक्ष्य पनि राखिएको छ ।दिगोविकासको सातौं लक्ष्यमा **धान्न वेहोर्न सकिने भरपर्दो दिगोर आधुनिक उर्जामा सबैको पँहच सुनिश्चित गरिने** रहेको छ ।खर्चले धान्न सकिने भरपर्दो र आधुनिक उर्जा सुविधाहरुमा सर्वव्यापी पँहच सुनिश्चित गरिने (ख) विश्वव्यापी रुपमा विभिन्न प्रथामिक उर्जा स्रोतहरुको समिश्रण ( **Energy Mix**) मा नविकरणीय उर्जाको हिस्सा सारभूत रुपामा बढाउने र (ग) उर्जा दक्ष्यता प्रभाबकारीतामा गरिने सुधारको दर लाई दोब्बर, पार्ने दिगोविकास लक्ष्यका लागि प्रस्तावित विशेष परिमाणात्मक लक्ष्यहरुमा विधुतमा ९९ प्रतिशत परिवारहरुको पँहुच पुराउने, खाना पकाउनका लागि दाउरा प्रयोग गरीरहेका परिवार हरुको अनुपात हालको करिब ७५ प्रतिशत बाट घटाई ३० प्रतिशामा झार्ने, एल्पी ग्यास प्रयोग गर्ने परिवारहररुको संख्या ४० प्रतिशतमा सिमित गर्ने, जलविधुतको जडित क्षमता १५००० मेगावाट पुर्याउने, प्रति ब्यक्ति विधुत खपत बढाएर १५०० किलो वाट घण्टा पुर्याउने जस्ता परिमाणात्मक लक्ष्यहरु समाबेश गरिएक छन । दिगो विकासको आठौं लक्ष्यमा **स्थिर समाबेशी र दिगो आर्थिक वृद्धी पूर्ण तथा उत्पादन शिल रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने** लक्ष्य लिएको छ । ७ प्रतिशतको प्रतिब्याक्ति कूल गरी ग्रहस्थ उत्पादन बृद्धि हासिल गर्ने ठूलो उधोगहरुको कूल उत्पादनको मेटेरियल इन्टेनसिटी लाई ६० प्रतिशतमा झार्ने, अर्ध बेरोजगारी दर लाई १० प्रतिशत भन्दा कम गर्ने, निकृष्ठ बालश्रमको अन्त्य गर्ने, पर्याटन क्षेत्रमा रोजगारी हरुको संख्या १० गुणाले बृद्धि गर्ने, कुल ग्रहस्थ उत्पादनमा पर्याटन क्षेत्रको योगदान ४ गुणाले बृद्धी गर्ने, प्रति एक लाख जनताहरुको लागि वाणिज्य बैकहरुको शाखाहरुको संख्या सन् २०३० मा हालको भन्दा दोब्बर (३६) बढाउने, ३० मिनेटको पैदल यात्रा भित्र सहकारी संस्था जस्ता सामुदायिक वित्त संस्थाहरुमा पँहुच हुने परिवारहरुको प्रतिशत ८० पुराउने परिमाणात्मक लक्ष्य राखिएको छ । सन्

२०३० सम्ममा सडक घनत्व बढाएर १.३ कि. मी / वर्ग कि. मी पुराउने कूल उत्पादनमा उधोग क्षेत्रको हिस्सा १५ प्रतिशत मात्र छ भने यस्ले श्रम शक्तिको ७ प्रतिशत भन्दा कमलाई रोजगारी दिएको छ, कूल ग्रहस्थ उत्पादनमा उधोग क्षेत्रको हिस्सा सन् २०३० सम्मा २५ प्रतिशत रहने साथै उधोग क्षेत्रमा रोजगारी बृद्धी गरि कूल रोजगारीको १३ प्रतिशत पुराउने परिमाणात्माक लक्ष्य किटान गरिएको छ । दिगो विकासको दसौं लक्ष्यमा **देश भित्र तथा देशहरु विचको असमान्ता हटाउने** लक्ष्य राखिएको छ । यसका लागि गिनिकोफिसियन्ट मापन गरिएको उपभोग असमानता सन् २०१५ मा ०.३३ र आयमा असमानता सन् २०१५ मा ०.४६ रहेको थियो ।कूल उपभोगमा तलका ४० प्रतिशत जनसंख्याको हिस्सा १८.७ प्रतिशात मात्र छ । यसै गरी कूल आयमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा करिब १२ प्रतिशत रहेको छ । २०१५ को उपभोगमा असमानता ०.३३ बाट २०३० मा ०.१६ मा झार्ने आयको असमानता लाई ०.४६ बाट ०.२३ मा घटाउने कूलआयमा तलको ४० प्रतिशत जनसंख्याको हिस्सा १२ प्रतिशत बाट बढाएर १८ प्रतिशत पुराउने लक्ष्य राखिएको छ । त्यास्तै दिगो विकासको ११ लक्ष्यमा **सहर र मानब वस्तिहरुलाई समाबेशी सुरक्षित र उत्थान शिल बनाउने** लक्ष्य लिएको छ । यसका लगि सन २०३० को विशेष परिमाणात्मक लक्ष्यहरुमा ५ जना वा सो भन्दा बढी ब्यक्तिहरु बसोवास गर्ने परिवारहरुको संख्या सन २०१५ को ४७ प्रतिशत बाट घटाएर सन २०३० सम्मा २० प्रतिशमा झार्ने कम्तिमा ५० प्रतिशत ठूला सडक हरु लाई विश्वस्तरको मापदण्ड अनुसार सुरक्षित बनाउने सुरक्षित घरहरुमा बसोबास गर्ने परिवारको अनुपात दोब्वर पारि ६० प्रतिशत पुराउने । सन् २०२० सम्मा पूरा गरिसक्ने सांस्कृतिक सम्पदाहरुका लागि विनियोजन गरिने बजेट लाई सन् २०१५ को १.१५ प्रतिशत बाट बढाएर सन् २०३० मा २ प्रतिशत पुराउने । दिगो विकासको बाह्रौ लक्ष्य भनेको दिगो उपयोगर उत्पादनका ढाँचाहरुमा सुनिश्चिता भन्ने छ, यसमा दिगो उपयोग र उत्पादन कार्यक्रमहरुको दस बर्षे ढाँचा अथबा खाका

कार्यन्वयन गरिने सन २०३० सम्मा प्राकृतिक स्रोतहरुको दिगो व्यबस्थापन गर्दै यिनिहरुको प्रयोग प्रभाबकारी रुपमा गर्ने खुद्रा र उपभोक्ता तहमा हुने प्रति ब्यक्ति विश्व खाध वस्तुको दुरुपयोगलाई सन २०३० सम्म आधा घटाउने र खाधन्न क्षयति घटाउने राशाईनिक पदार्थ तथा फोहर मैलाको जीवन चक्र भरिने वातावरणीय दृष्टीकोणले प्रभाबकारी रुपमा ब्यबस्थापन गर्ने, फोहर मैलाको उत्पादनलाई सन २०३० सम्मा रोकथाम तथा न्यूनिकरण गरेर साथै खेर गएका बस्तुहरु लाई पुन प्रशोधन एवम पुन प्रयोग गरेर सारभूत रुपमा घटाउने । दिगो विकास र प्रकृति सँग तालमेल अथवा संगति भएका जीवन पद्धतिका सानदर्भिक सूचनाहरु रहेका साथै सचेतना भएको कूरा सुनिश्चित गर्ने उद्धेश्यहरु राखिएको छ। त्यस्तै यस अन्तरगत खाधन्न बाली उत्पादन गरिने हालको ८० प्रतिशत जमिन लाई ७५ प्रतिशमा झार्ने , दाउराको खपत हाल ०.११ क्यू विक. मिटर छ ।त्यसलाई घटाएर ०.०५ क्यू विक. मिटर पार्ने प्लाष्टिकको प्रति ब्यक्ति प्रयोग जुन २०१५ प्रति दिन २.७ ग्राम थियो त्यसलाई सुन्यमा झार्ने बालि भित्राई सकेपछि हुने खाध बस्तुको क्ष्यति लाई सन २०१५ को १५ प्रतिशत बाट सन २०३० मा १ प्रतिशतमा झार्ने परिमाणात्मक लक्ष्य राखेको छ । दिगो विकास लक्ष्य तेह्रमा **जलबायु परिवर्तन र यस्को प्रभाब सँग जुध्न त्तकाल कार्य अगि बढाउने** लक्ष्य राखिएको छ । यस अन्तर्गत सबै देशहरुमा जलबायु सँग सम्बन्धित घातक अथबा हानिकारक कुराहरुको साथै प्रकृतिक विपतहरुको सामना गर्न उथानशिलता र अनुकुलन क्षमता लाई सुदृढ गर्ने जलबायु परिवर्तनका उपयाहरुलाई राष्ट्रिय नीति , रणनीति र योजनामा एकिकृत गर्ने , जलबायू परिवर्तन लाई कम गर्न , अनुकुलन गर्न , प्रभाब घटाउन र यस सम्बन्धमा हुने सावधानि शिक्षा ,सचेतना र मानब तथा संस्थागत सुधार गर्ने , हरित गृह ग्यासकोमात्र अनुसार कृषि क्षेत्र सबै भन्दा बढी ६८ प्रतिशत उत्षर्जन गर्ने क्षेत्र हो । त्यास्तै उधोग क्षेत्रले १२ प्रतिशत उत्षर्जन गरेका थिए । यस अन्तर्गत कार्वनडाईअक्साईड उत्षर्जन लाई आधा घटाउने , सन् २०३० सम्मा कम्तिमा १२० गा प हरुमा

जलबायु परिवर्तन अनुकुलन योजना लागू गर्ने ,१७० वटा गाउँ लाई जलबायू स्मार्ट गाउँ बनाउने ,हाल एउटा पनि जलबायू स्मार्ट खेति ईकाई नभएकोमा ५०० वटा जलबायू स्मार्ट खेति ईकाईहरु बनाउने , सवै विधालयहरुमा जलबायू परिवर्तन शिक्षा सुरु गर्ने परिमाणात्मक लक्ष्य राखिएको छ । दिगो विकासकव चौंधौं लक्ष्य भनेको दिगो विकास का निम्ति महासागरहरु ,सामुन्द्रीक स्रोतहरु संरक्षण गर्ने र दिगो रुपमा प्रयोग गर्ने भन्ने छ । जुन नेपालका लागि उपयोगि छैन ।दिगो विकासको पन्ध्रौ लक्ष्यमा **पृथ्वीको भूपरिस्थितिय पारिस्थितिया प्रणालिको दिगो उपयोग , रक्षया विस्थापना गर्ने , बनको दिगो रुपमा व्यबस्थापन गर्ने , मरुभूमिकरण विरुद्ध लड्न र जमिनको क्ष्ययिकरण रोक्नका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रास लाई रोक्ने** उद्धेश्यहरु राखिएको छ भने जैविक विबिधताको संरक्षणको लागि २३.२ प्रतिशत भूमिलाई संरक्षित घोषणा गरिएको छ । दिगो विकासको पन्ध्रौ लक्ष्य सान्ति पूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने , न्यायमा सबैको पँहुच सुनिश्चित गर्ने , सबै तहहरुमा प्रभाबकारी , जवाफदेहि र समावेशी संस्थाहरुको स्थापना गर्ने लक्ष्य राखिएको छ । वालवालिका माथिको दुर ब्यबहार ,शोषण ,बेचविखन यिनिहरु विरुद्धका हिंसा ( शारीरिक अथबा मानषिक यातनाको अन्त्य गर्ने , राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा कानूनको शासन प्रवर्दन गर्ने । न्यायमा सबैको पहुच स्थापना गर्ने । गैर कानुनि वित्तिय हातहतियारको ओसारपोसार लाई उल्लेखिय रुपमा घटाउने । सबै स्वारुपका भ्रष्ट्रचार तथा घुसलाई सारभूत रुपमा घटाउने । सबै तहमा प्रभावकारी , जवाफदेहि र पारदर्षि संस्थाहरुको विकास गर्ने प्रेशस्वातन्त्रता दिगो विकासको सोह्रौ लक्ष्यमा **न्याय पूर्ण , शोन्तिपूर्ण र समावेशि समाजको प्रवर्दन गर्ने** लक्ष्य राखेको छ । दिगो विकास को सत्रौ लक्ष्य भनेको **कार्यन्वयनका उपयाहरु अथबा साधनहरुलाई सुदृढ गर्ने र अन्तराष्ट्रिय साझेदारिलाई पुनः जीवन्त तुल्याउने दिगो विकास** लक्ष्य १७ अन्तर्गत १९ वटा परिमाणात्मक लक्ष्यहरु छन् जसमध्ये (क) आन्तरिक स्रोतको परिचालनलाई सुदृढ तुल्याउने (ख) विकासित देशहरुले गरेका आधिकारिक सहायता प्रतिवद्धताहरु

पूर्ण रुपमा कार्यन्वयन गर्ने ,( ग) विकाशील देशहरुका लागि विभिन्न स्रोतहरुवाट थप वित्तिय स्रोतसाधन हरु परिचालन गर्ने , (घ) लगानि प्रवर्धन गर्ने वातावरण (Regimes) सृजना गरि अवलम्वन र कार्यन्वयन गर्ने , (ङ) विकसन्मुख देश हरु लाई प्रविधि हस्तान्तरण गर्ने , (च) कानूनमा आधारित खुला , र न्यायोजित बहुपक्ष्य ब्यपार प्रणाली लाई प्रवर्धन गर्ने , (छ) दिगो विकास का लागि नीतिहरुको तार्किक संगति अभिबृद्धि गर्ने र (ज) तथ्याङक, अनुगमन र तथ्याङक सम्बन्धि क्षमताको सुदृढीकरण गर्ने लगायतका परिमाणात्मक लक्ष्य हरु प्रस्ताब गरिएका छ ।यो लक्ष्य स्रोतसाधनको परिचालन क्षमता विकास , अनि उतरदायित्व देखि जिम्मेवारी सम्म सबै सरोकारवाला हरु सँग सम्बद्ध रहेको छ । ब्यपार , बैदेशिक सहायता ,विकाशिल देशहरुमा गरिने लगानि आर्थिक स्रोत परिचालनो सम्बन्धि धेरै जसो प्रतिवद्धता अतिकम विकासित मुलुक हरु **LDCS** मा विगतमा राम्ररी पूरा नगरिएको परिप्रेक्षमा विश्वाव्यापि प्रतिवद्धता हासिल गर्ने कुराहरु त्यति उत्सहप्रत देखिदैन । यसका अतिरिक्त ,औपचारिक वा संगठित रुपमा प्रविधि हस्तान्तरणको मात्रा सामान्य छ, साथै उत्पादकत्वद्धारा निर्देसित आर्थिक परिवर्तन लाई अगाडि बढाउन यो असमर्थ समेत छ ।सन २०१५ मा नेपालको राजस्व संकलन कूल ग्रहास्थ उत्पादनको करिब २० प्रतिशत रहेको ले कर परिचालन सम्बन्धमा भएका प्रयासहरु तुलनात्माक रुपमा प्रभाबकारी रहेका छन ।सन २०३० मा कूल ग्रहस्थ उत्पादनको अनुपातमा ३० प्रतिशत राजस्व संकलन गर्ने लक्ष्य राखिएको छ।( तालिका १७) । आन्तरिक कर राजस्वहरु बाट बेहोरिने सरकारको आन्तरिक खर्चको प्रतिशत सन २०३० मा ८० प्रतिशत पुराउने परिमाणात्मक लक्ष्य राखिएको छ । यो लक्ष्य सामान्य स्तरकै देखिन्छ किनकि, पूर्वाधारमा हुने लगानिको ठुलो कमिलाई सच्याउनका लागि सरकारी लगानिलाई बढाउन आन्तरिक राजस्व संकलन लाई प्रभाबकारी रुपमा बढाउनुका आतिरिक्ता ठूलो मात्रामा आन्तराष्ट्रिय स्रोतहरु पनि आवश्यक पर्नेछ ।निजि क्षेत्रको लगानिको कमिलाई

पूरा गर्न प्रत्यक्ष बैदेसिक लगानि (**INWARD STOCK**) लाई हालको स्तर बाट कम्तिमा पाँच गुणाले बढाउन आवस्यक छ ।

**३. दिगो विकास लक्ष्यलाई गाउँपालिकाको नीति ,योजना , कार्यसंस्कृति, सूचना प्रणाली आदिमा आन्तरिकिकरण गर्नु को अवस्यकताः**

- दिगो विकास लक्ष्यमा विषयगत क्षेत्रहरु स्पस्ट किटान भएको, राष्ट्रिय लक्ष्य तोकिएकोले,
- दिगो विकास लक्ष्य विश्वका १९३ बटा देशहरुको सर्बसम्तिले तयार पारिएको योजना पत्र भएकोले,
- गरिबिको उन्मुलनका लागि दिगो विकास लक्ष्यलाई एउटा महत्वपूर्ण समयन्त्र मानिएकोले,
- राष्ट्रिय योजना आयोग ,संघिया मामिला तथा सामान्य प्रशासन मन्त्रालयाले दिगो विकासको लक्ष्य लाई गाउँपालिकाको नीति ,योजना ,कार्यसांस्कृति ,सूचना प्रणाली आदिमा आन्तरिकिकरणको गर्न परिपत्र गरेकोले,
- दिगो विकासका लक्ष्यहरु मापन योग्य, विशिष्ठ ,समयसापेक्ष भएकोले ।

**४. दिगो विकास लक्ष्यका आन्तरिकिकरण नीतिहरुः**

- गाउँपालिकाको पार्शवचित्र तयार गर्दा दिगो विकासका लक्ष्यहरु लाई तथ्याङ्क संकलनको रुपमा लिइने छ । दिगो विकासका १७ वटा लक्ष्य अन्तरगत विषय क्षेत्रहरुलाई तथ्याङ्क संकलनको आधारको रुपमा स्थापित गरिने छ ।
- गाउँपालिकाले आवधिक विकास योजना,क्षेत्रगत रणनीति योजना गुरुयोजना तथा वार्षिक योजना तयार गर्दा दिगो विकास लक्ष्यले मार्गदर्सन गरेका विषयगत क्षेत्र लक्ष्य तथा रणनीतिहरुलाई आधारको रुपमा लिने छ।

- गाउँपालिकाले आफ्नो गाउँपालिकाको नीति ऐन कार्यविधि निर्देशिका तयार गर्दा दिगो वकासका लक्ष्यहरुलाई समेत मध्य नजर गर्दै नीति निर्माण गर्ने छ ।
- गाउँपालिकाले गाउँसभामा पेश गर्ने नीति तथा रणनीतिहरु मा दिगो विकास लक्ष्यहरु लाई प्रथामिकता दिने छ ।
- गाउँपालिकाले चौमाषिक, अर्द्धवार्षिक तथा वार्षिक समिक्षा गोष्ठीहरु गर्दा दिगो विकासका लक्ष्यहरु लाई आत्मा साथ गरी ती विषयगत क्षेत्र अनुसारको प्रगति समिक्षा गर्ने छ ।
- गाउँपालिकाले आफ्नो वार्षिक प्रगति प्रतिवेदन तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई आधार बनाउने छ ।
- गाउँपालिकाले पालिकामा कार्यरत संघसंस्थाहरुलाई दिगो विकास लक्ष्य अनुसार प्रगति विवरण माग गर्ने छ ।
- दिगो विकास लक्ष्यका बारेमा गाउँपालिकाका पदाधिकारी वडाका पदाधिकारी तथा कर्मचारीहरुलाई अनुशिक्षण गर्ने छ।
- प्रदेश तथा संघमा गाउँपालिकाले प्रस्ताब पेश गर्दा दिगो विकास लक्ष्यका सूचकहरु लाई आधार बनाएर प्रस्ताब लेखन कार्य गर्ने छ ।
- गाउँपालिकाले शिक्षा शाखा मार्फत स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीहरु लाई दिगो विकास लक्ष्यको बारेमा अभिमुखिकरण गर्ने छ ।
- गाउँपालिका भित्र भएका बिभिन्न समूह, समिति संरचनाहरुलाई दिगो विकास लक्ष्यको बारेमा अभिमुखिकरण गरिने छ ।

## ५. दिगो विकास लक्ष्य स्थानियकरण कार्ययोजनाः

| क्र स | विवरण | जिम्मेवारी | मिति |
|---|---|---|---|

| क्र स | विवरण | जिम्मेवारी | मिति |
|---|---|---|---|
| १ | गाउँपालिकाको पार्शवचित्र तयार गर्दा दिगो विकासका लक्ष्यहरु लाई मूलप्रवाहीकरण गर्ने । | योजना शाखा | २०८१ असारभित्र |
| २ | गाउँपालिकाको आवधिक योजना तयार गर्दा दिगो विकासका लक्ष्यहरु लाई मूलप्रवाहिकरण गर्ने । | योजना शाखा | २०८१ असारभित्र |
| ३ | गाउँपालिकाको नीति कार्यनीति रणनीतिहरुमा दिगो विकास लक्ष्यका उद्धेश्य रणनीति तथा नीतिहरुलाई समावेश गर्ने । | प्रशासन शाखा | निरन्तर |
| ४ | जेण्डर अडिट गर्दा दिगो विकास लक्ष्यका प्रवधानहरु लाई प्रथामिकतामा राखिने । | प्रशासन शाखा | निरन्तर |
| ५ | गाउँपालिकाले आयोजना गर्ने चौमासिक अर्द्धवार्षिक तथा वार्षिक समीक्षा गोष्ठीहरुमा दिगो विकास लक्ष्यका विषय गत क्षेत्र तथा सूचकहरु लाई आधार बनाउने । | योजना शाखा | २०८१ असारभित्र |
| ६ | गाउँपालिकाले वार्षिक योजना तथा प्रगति प्रतिवेदनमा दिगो विकासका लक्ष्यहरु लाई आधार बनाउने । | योजना शाखा | २०८१ असारभित्र |
| ७ | गाउँ विकास समितिले गठन गर्ने बिभिन्न समितिऽसंरचनाहरु लाई दिगो विकास लक्ष्यहरुको बारेमा अभिमुखिकरण गर्ने । | प्रशासन शाखा | निरन्तर |
| ८ | प्रदेश तथा संघमा गाउँपालिकाले प्रस्ताब पेश गर्दा दिगो विकास लक्ष्यका सूचकहरु लाई आधार बनाएर प्रस्ताव लेखन कार्य | योजना शाखा | २०८१ असारभित्र |

| क्र स | विवरण | जिम्मेवारी | मिति |
|---|---|---|---|
| | गर्नेछ। | | |
| ९ | गाउँपालिकाले पालिकामा कार्यरत संघसंस्थाहरुलाई दिगो विकासका लक्ष्य अनुसार प्रगति विवरण माग गर्ने | योजना शाखा | २०८१ असारभित्र |
| १० | दिगो विकास लक्ष्यका बारेमा गाउँपालिकाका पदाधिकारी ऽवडाका पदाधिकारी तथा कर्मचारीहरु लाई अनुशिक्षण गर्ने । | प्रशासन शाखा | निरन्तर |
| ११ | गाउँपालिकाले शिक्षा शाखा मार्फत विधालयका सम्पूर्ण शिक्षक विधार्थीहरु लाई दिगो विकास लक्ष्यको बारेमा अभिमुखिकरण गर्ने । | प्रशासन शाखा | निरन्तर |
| १२ | गाउँपालिकाले स्वास्थ्य शाखा मार्फत स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीहरु लाई दिगो विकासका लक्ष्यको बारेमा अभिमुखिकरण गर्ने । | प्रशासन शाखा | निरन्तर |
| १३ | गाउँपालिकाभित्र भएका विभिन्न समूह समिति संरचनाहरुलाई दिगो विकास लक्ष्यका बारेमा अभिमुखिकरण गर्ने । | प्रशासन शाखा | निरन्तर |

सिलीचोङ गाउँकार्यपालिकाको कार्यालय

आज्ञाले,

बाबुनन्दन मेहता
प्रमुख प्रशासकीय अधिकृत